आज मिति २०७७ साल वैशाख २४ गतेका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यू को अध्यक्षतामा कार्यपालिकाको ५२ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णयहरु गरियो।

-: उपस्थिति :-

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उपप्रमुख श्री लक्ष्मी देवी अधिकारी
३) वडाअध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४) " " " " २ श्री गणेश बहादुर कंडेल (खत्री)
५) " " " " ३ श्री सूर्य कुमार श्रेष्ठ
६) " " " " ४ श्री लालवीर गुरुङ
७) " " " " ५ श्री क्रम बहादुर गुरुङ
८) " " " " ६ श्री भोज बहादुर रिमाल
९) " " " " ७ श्री गोविन्द बहादुर वस्नेत
१०) " " " " ८ श्री पवित्रा थापा मगर
११) " " " " ९ श्री शरद बराल
१२) " " " " १० श्री पूर्ण बहादुर थापा
१३) " " " " ११ श्री अच्युत बाबु बगाले
१४) कार्यपालिका सदस्य श्री विष्णुमाया राना
१५) " " श्री मन्दिरा दमाई
१६) " " श्री देव बहादुर गहतराज
१७) " " श्री अजय मजाकोटी
१८) " " श्री मनमाया गुरुङ
१९) " " श्री देवबहादुर खवास
२०) " " श्री करुणा नेपाली
२१) " " श्री आशा तामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी
सहभागी कर्मचारी
२३) कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२४) अधिकृत श्री ईश्वर कमल श्रेष्ठ

*मिति २०७७ बैशाख २४ को बोर्ड बैठकको निर्णय*

निर्णय नं. १ : चालु आ.व. २०७६/०७७ को स्वीकृत वजेटमा वडा कार्यालयका लागि चालु खर्च बापत प्रति वडा रु. ५ लाखका दरले उपलब्ध गराउने भनिएकोमा व्यय अनुमान शिर्षकमा उक्त रकम छुट हुन गएकोले देहाय बमोजिम रकमान्तर गरी चालु खर्च शिर्षकको सीमा संसोधन गर्ने निर्णय गरियो ।

| वजेट शिर्षक | विवरण | बार्षिक स्वीकृत | घटाउन पर्ने | बढाउन पर्ने | संसोधित वजेट |
|---|---|---|---|---|---|
| २१११२ | पदाधिकारी पारिश्रमिक | ९००००००।० | ५००००००।० | ० | ४००००००।० |
| २२३११ | मसलन्द | ५००००००।० | ० | १००००००।० | ६००००००।० |
| २२३१३ | पत्र पत्रिका सूचना प्रकाशन | १२०००००।० | ० | ५०००००।० | १७०००००।० |
| २२५२९ | विविध कार्यक्रम खर्च | १०००००।० | ० | १५०००००।० | १६०००००।० |
| २२७११ | विविध खर्च | २००००००।० | ० | २००००००।० | ४००००००।० |
| | जम्मा | १७३०००००।० | ५००००००।० | ५००००००।० | १७३०००००।० |

निर्णय नं. २ : कृषि विकास तर्फको चालु बर्षको स्वीकृत कार्यक्रम अन्तर्गत मौरीघार खरिद तथा सिल्पोलिन पाइप खरिदमा दरभाउ पत्र सुचना भएकोमा लकडाउनका कारण स्थगीत गरिएको र लकडाउन खुल्ला भै दरभाउपत्रको प्रक्रिया अनुसार खरिद प्रक्रिया अगाडी बढाउदा ढिला हुने भएकोले बार्ताको माध्यामबाट खरिद गर्न कार्यालयलाई निर्देशन दिने भनी कृषि समितिको मिति २०७७ बैशाख १८ गते बसेको बैठकले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : कोभिड–१९ का सन्दर्भमा नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत सम्मिलित बैठकबाट हालसम्म भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि मुलुकभर लकडाउन गरेको कारण उद्योग, व्यापार व्यवसाय समेत बन्द भएकोले बेशीसहर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७६ दफा ६ बमोजिम तोकिएको व्यवसाय करमा ३० प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. ५ : संघीय सरकार र प्रदेश सरकारबाट शसर्त अनुदान तर्फ देहायको रकम थप भै आएकोले उक्त रकमलाई चालु बर्षको वजेटमा समावेश गरी खर्च गर्ने निर्णय गरियो ।

| सि.नं. | शिर्षक | वजेट रु | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत तथा माध्यामिक तहमा स्वीकृत दरबन्दी तथा अनूदानमा कार्यरत शिक्षकको थप तलव | २६२७४०००।० | |
| २ | सूचिकृत बेरोजगारका लागि कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना कार्यक्रम | ३४८००००।० | |
| ३ | मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश | १००००००।० | |
| ४ | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश (हिंसा प्रभावित व्यक्तिहरुका लागि सेवा केन्द्र स्थापना, मानव सेवा आश्रम अनूदान, सामाजिक कूरिती, जातिय छूवाछूत, लैगिक हिंसा, मानव बेचबिखन बिरुद्ध सेचनामूलक कार्यक्रम, जेष्ठ नागरिक सेवा केन्द्र भवन निर्माण) | २३०००००।० | |

निर्णय नं. ६ : गण्डकी प्रदेश सरकारको एक पालिका एक औद्योगिक ग्राम निर्माणको नीति बमोजिम बेशीसहर नगरपालिकाको वडा नं. २ स्थित कित्ता नं. ९४५ र ९४६ को क्रमश ३–३–१–० र १७–४–०–२ क्षेत्रफलको जग्गामा औद्योगिक ग्राम स्थापनाका लागि स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ७ : बेशीसहर नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७४ को दफा ८ बमोजिम गठित वजार अनुमगन टोली वजार अनुगमनमा खटिदा प्रतिदिन यातायात खर्च र खाजाखाना खर्च गरी रु. ८००।० उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : देहायका वडा कार्यालयबाट योजना संसोधनका लागि अनुरोध भै आएकोले वडाको माग बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | साविक योजना | स्वीकृत बजेट रु | संसोधित योजना |
|---|---|---|---|---|
| १ | १ | सानो धिमिरे कालिका बन विजुली व्यवस्थापन योजना | २०००००।० | ५०% अनुदानमा वडा नं. १ का कृषकलाई उन्नत जातको धानको बीउ तथा मल वितरण |
| २ | १० | कृषि सडक देखि मरनघाट सम्मको सडक | ४०००००।० | सुर्यकलाको घरदेखि वडा कार्यालय हुदै राउतथोक चोक सम्म सडक स्तरउन्नती |
| ३ | ११ | • पप्लेकुवा निर्माण<br>• श्रीकृष्ण आमा समुह चौतारा मर्मत बजार खुट्टा | | • पप्लेटार खेलमैदान निर्माण रामचोक वेसी<br>• श्रीकृष्ण आमा समुह चौतारा मर्मत बस्नेतगाँउ |

निर्णय नं. ९ :वेशीसहर नगरपालिका अन्तर्गत वडा नं. २ र १० मा संचालनमा रहेको गरिवसंग विश्वेश्वर कार्यक्रमका लागि प्रति वडा रु. १२५०००।० का दरले रकम प्राप्त भएकोले सो रकमबाट वडाबाट सिफारिश भए अनुसार तरकारी खेतीका लागि ४/४ वटा स्थायी प्लाष्टिक घर निर्माण योजना सम्झौता गरी काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १० : कोरोना भाइरसको रोकथाम र नियन्त्रणका क्रममा नेपाल सरकारले लकडाउन गरेको कारण दैनिक ज्यालादारी, मजदुरी गरी जीवनयापन गर्ने मजदुरलाई वडा आपूर्ति व्यवस्थापन समितिको सिफारिशमा एकचरणको राहत वितरण गरिएको पहिलो चरणको राहत प्राप्त गर्न छुट भएका व्यक्तिलाई हाल नगरपालिकाबाटै मापदण्ड अनुसार राहत उपलब्ध गराइएको र लकडाउनको अवधि अझै थप हुने सम्भावना रहेकोले पहिलो चरणमा राहत प्राप्त गरेका व्यक्ति पुन राहत माग गर्न आएमा प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध गरी कामको आधारमा राहत दिने व्यवस्था मिलाउने निर्णय गरियो । साथै विभिन्न संघसंस्थाले राहत वितरण गर्ने विषयमा नगरपालिकासंग समन्वय गरिरहेको हुनाले नगरपालिकाको अनुमतिमा सम्वन्धित वडाको आपुर्ति व्यवस्थापन समितिले पहिचान गरेका व्यक्तिलाई राहत दिने गरी वडा आपूर्ति व्यवस्थापन समितिसंग समन्वय गरी वितरण गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ११ : कोरोना भाइरसका कारण भएको लकडाउनका कारण बेशीसहर नगरपालिकाका ६ जना मजदुरहरु भारतको हरिद्वारमा अलपत्र परेको र तिनीहरुले राहतका लागि अनुरोध गरेको हुनाले विपद् कोषबाट प्रतिव्यक्ति रु. ८०००।० राहत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ : देहायका संस्थाबाट आर्थिक सहयोग तथा योजना माग भै आएकोले देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | संस्था | मागको विवरण | स्वीकृत रकम | वजेट शिर्षक |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय, लमजुङ्ग | इन्धन सहयोग | रु. ४००००।० | विविध |
| २. | शसस्त्र प्रहरी गुल्म, | भवन मर्मत, इलेक्ट्रिक मर्मत | रु. ३००००।० | विविध |
| ३. | सामुदायिक रेडियो मर्स्याङ्दी | एस.ई.ई. दिने विद्यार्थीका लागि लक्षित गरी रेडियो कक्षा संचालन | रु. १२००००।० | विपद् कोष |
| ४ | जिल्ला कारागार, लमजुङ्ग, | नाली मर्मत | रु. ९१०००।० | पुजीगत सुधार |

निर्णय नं. १३ : चालु वर्षको स्वीकृत बार्षिक कार्यक्रम अनुसार ठेक्का सम्झौता भई काम शुरु भएका तर कोरोना भाइरसको रोकथाम र नियन्त्रणका सन्दर्भमा मुलुकभर लकडाउन भएको कारण स्थगीत भएका योजनाहरुको कामलाई सुचारु गर्न आवश्यक देखिएकोले निर्माण कार्यका लागि आवश्यक पर्ने सामग्री छड, सिमेन्ट, गिटी, बालुवा ढुवानीमा सहजीकरण गरिदिन स्थानीय प्रशासनलाई अनुरोध गर्ने निर्णय गरियो ।